# कृषक समूह/सहकारी मार्फत प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादनका लागि सहयोग कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७१

(नेपाल सरकार सचिवस्तर मिति २०७१/०७/१६ वाट स्वीकृत)

नेपाल सरकार

# कृषि विकास मन्त्रालय

**कार्तिक, २०७१**

# कृषक समूह/सहकारी मार्फत प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादनका लागि सहयोग कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७१

**पृष्ठभूमीः**

नेपाल एक कृषि प्रधान मुलुक भएको विद्यमान परिप्रेक्ष्यमा माटोको स्वास्थ्य र उर्बरा शक्ति कायम गरि दिगो कृषि विकास मार्फत खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । यस चूनौतिको सामना गर्न बिरुवालाई आवश्यक खाद्यतत्व पर्याप्त मात्रामा आपूर्ति गर्न रासायनिक मलको मात्र प्रयोग गर्दा माटोको संरचना बिग्रने, अम्लीयपनामा बृद्धि भई क्रमशः माटोको उर्बराशक्तिमा ह्रास हुँदै जाने समस्या रहेको छ । यसको विकल्पको रुपमा गाँउ घरमा कृषक समूह/सहकारीवाट उत्पादित प्राङ्गारिक मलको प्रयोगलाई बढावा दिन जरुरी छ । प्राङ्गारिक मलको परिमाण र गुणस्तर कायम गर्नु चूनौतिको रुपमा रहेको छ । यसको लागि गुणस्तरीय प्राङ्गारिक मलको उत्पादन र प्रयोगमा कृषक समूह तथा सहकारीलाई उत्प्रेरित गरी माटोको स्वास्थ्य र उर्बराशक्ति दिगो रुपमा कायम राख्ने व्यवस्थाको लागि आ.व. २०७१/७२ को विशेष कृषि उत्पादन कार्यक्रमको बार्षिक कार्यक्रममा कृषक समूह/सहकारी मार्फत प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादनका लागि सहयोग कार्यक्रम तर्जुमा गरी स्वीकृत समेत भएको छ । सो कार्यक्रम संचालनका लागि "**कृषक समूह/सहकारी मार्फत प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादनका लागि सहयोग कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७१**" तयार गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "**कृषक समूह/सहकारी मार्फत प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादनका लागि सहयोग कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७१**" रहेको छ ।

(२) यो कार्यविधि कृषि बिकास मन्त्रालयबाट स्वीकृती भएको मिति बाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा -

(क) "समूह " भन्नाले सम्बन्धित गाऊँ विकास समिति वा जिल्ला कृषि बिकास कार्यालयमा दर्ता/सूचीकृत भएका १२ देखि २५ जना कृषकहरुको समूहलाई सम्झनु पर्छ ।

(ख) "सहकारी" (Cooperative) भन्नाले डिभिजन सहकारी कार्यालयमा आधिकारिक रुपमा दर्ता भएका कृषि सहकारीलाई सम्झनु पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले माटो व्यबस्थापन निर्देशनालय सम्झनु पर्छ ।

(घ) "प्राङ्गारिक मल" भन्नाले जैबिक बस्तुको बिघटनबाट तयार गरिएको मल तथा गडयौलालाई स्थानीय कुहिने सामाग्री खुवाई उत्पादन भएको मललाई समेत सम्झनु पर्छ ।

(ङ) “भकारो सुधार” भन्नाले गाई बस्तुको भकारो मा गहुँत नचुहिने गरि ढलान गरिएको, व्यवस्थित रुपमा गँहुत सँकलन गर्ने ट्यांक निमार्ण भएको र भकारोलाई घाम र पानीबाट बचाउन व्यवस्थित छाना तयार गरिएको संरचनालाई सम्झनु पर्छ ।

(च) “क्लस्टर ( Cluster )” भन्नाले एउटै पकेट क्षेत्र भित्र एक वा जोडिएका दुई गाँउ बिकास समिति अन्तर्गतको कृषकहरुको समूह सम्झनु पर्छ ।

(छ) “श्रोत व्यक्ति” भन्नाले भर्मिकम्पोष्ट उत्पादन कार्यक्रमका लागि आवश्यक प्राविधिक सल्लाह तथा गड्यौला उपलब्ध गराउने व्यक्तिलाई सम्झनु पर्छ ।

३. **कार्यक्रम संचालनको उद्वेश्य** : यस कार्यबिधि अनुसार सन्चालित कार्यक्रमको देहाय बमोजिम उद्वेश्य हुनेछ -

(क) भर्मिकम्पोष्ट लगायत गुणस्तरिय गोठे मलको उत्पादन तथा प्रयोग अभिवृद्धि गर्ने ।

(ख) रासायनिक मलको प्रयोग न्यूनिकरण गरि कृषि वस्तुको उत्पादन लागत घटाउने ।

(ग) असन्तुलित रासायनिक मलबाट हुने नकरात्मक प्रभावलाई कम गर्दै माटोको उर्बराशक्ति कायम राखी उत्पादन र उत्पादकत्व बृद्धि गराउने ।

(घ) दिगो रुपमा कृषि उत्पादन बढाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने ।

## परिच्छेद -२

### कार्यक्रम संचालन प्रकृया

४. **कार्यक्रम संचालन गरिने जिल्ला छनौट** : नेपाल सरकारको बार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिमका जिल्लामा कार्यक्रम संचालन हुनेछ । आ.ब.२०७१/०७२ मा अनुसूचि १ अनुसारका जिल्लाहरुमा कार्यक्रम संचालन गरिनेछ ।

५. **कार्यक्रम संचालन गरिने संख्या निर्धारण** : नेपाल सरकारको बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिमको संख्यामा कार्यक्रम संचालन हुनेछ । यो कार्यक्रम आगामी वर्षहरुमा माग र आवश्यकताको आधारमा जिल्लाहरु थप हुँदै जानेछन् ।

६. **गाऊँ विकास समिति छनौट** : सम्बन्धित जिल्ला कृषि बिकास कार्यालयले सम्भाब्यताको आधारमा जिल्ला बिकास समितिको समन्वयमा गाऊँ विकास समिति (गा.वि.स.) छनौट गर्नेछ । गा.बि.स छनौट गर्दा एक गा.बि.स.मा कम्तीमा २५ जना कृषक सम्भव भएसम्म एउटै भौगोलिक क्षेत्र ( Cluster) मा पर्ने गरि छनौट गर्नु गर्नेछ ।

७. **प्रस्ताब आव्हान, छनौट र सम्झौताः**

छनौट भएका गा.वि.स.हरुमा जिल्ला कृषि विकास कार्यालयले दफा ६ मा उल्लेख भए बमोजिमका आधारहरुमा कृषक समूह/सहकारीहरुबाट अनुसूची २ वमोजिमको ढाँचामा प्रस्ताव आह्वान गर्नेछ

। उक्त प्रस्तावहरु जिल्ला कृषि बिकास कार्यालयको सम्पर्क (Focal) अधिकृतको संयोजकत्वमा गठित ३ सदस्यीय मूल्याङ्कन समितिले छनौट गरी वरिष्ठ कृषि विकास अधिकृत समक्ष सिफारिस गर्नेछ । प्रस्ताव मूल्यांकन गर्दा स्थानियस्तरमा श्रोत व्यक्ति उपलब्ध भएको समूह/सहकारीलाई प्राथमिकता दिनु पर्नेछ । छनौट भएका समूह/सहकारीहरुसंग जिल्ला कृषि विकास कार्यालयले सम्झौता गर्नेछ । प्रस्ताव मूल्यांकन समितिको संरचना देहाय वमोजिमको हुनेछ-

- वरिष्ठ कृषि विकास अधिकृतले तोकेको सम्पर्क अधिकृत - संयोजक
- कृषि प्रसार अधिकृत - सदस्य
- वाली विकास अधिकृत वा वागवानी विकास अधिकृतमध्ये वरिष्ठ कृषि विकास अधिकृतले तोकेको अधिकृत १ जना - सदस्य

८. **कार्यक्रम कार्यन्वयन प्रक्रिया :** कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाइने छ-

(क) सम्झौता पश्चात कृषक समूह/सहकारीसंग आबद्ध कृषकले सम्झौता बमोजिम काम गर्नेछ ।

(ख) कार्यक्रम कार्यान्वयन Cluster (पकेट क्षेत्र) मा सन्चालन गरिनेछ ।

(ग) एउटा Cluster मा कम्तिमा २५ वटा भर्मिबेड सन्चालन गर्ने Cluster लाई प्राथमिकता दिईनेछ ।

(घ) कृषक समूह/सहकारीका सहभागी सदस्यहरु सँग कम्तीमा ५ वटा गाई भैंसी वा २० वटा बाख्रा भएका घरधुरिलाई मात्र अनुदान प्रकृयामा समाबेश गरिनेछ ।

(ङ) क्लस्टर क्षेत्र (Cluster area) मा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा महिला, दलित, जनजातिलाई प्राथमिकता दिई कृषक समूह/सहकारीले सिफारिस गरे बमोजिमका कृषकहरुलाई समावेश गरिने छ ।

(च) भकारो सुधार, भर्मिकम्पोष्ट वेड र भर्मिवेडको छाना निर्माण गर्दा र आवश्यक पर्ने गड्यौला खरिद गर्दा देहाय वमोजिमको मापदण्ड अनुसार हुनु पर्नेछ ।

- भकारो सुधार गर्दा भकारो को आकार - ७ फिट x १५ फिट
- भर्मिवेडको आकार - ३ मिटर x १ मिटरको दुइ ओटा
- भर्मिबेडको छानाको आकार - ३.५ मिटर x ३.० मिटर
- गड्यौला खरिद संख्या - १००० वटा

(छ) उपरोक्त वमोजिम मापदण्डका आधारमा अंक विभाजन गरी मूल्यांकन समितिले मूल्यांकन गर्नेछ ।

(ज) यस कार्यक्रम अन्तरगत उत्पादित प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) को गुणस्तर परिक्षण गर्ने कार्यमा सम्बन्धित क्षेत्रको क्षेत्रीय माटो परिक्षण प्रयोगशालाले सहयोग गर्नुपर्नेछ ।

९. **सम्पर्क व्यक्ति (Focal Person) तोक्नु पर्ने :** कृषक समूह/सहकारी मार्फत भर्मिकम्पोष्ट मल उत्पादन कार्यकमलाई प्रभावकारी रुपमा संचालन गर्न र आवश्यक प्राबिधिक सेवा उपलब्ध

गराउन जिल्ला कृषि बिकास कार्यालयले त्यहाँ कार्यरत एकजना अधिकृत स्तरको कर्मचारीलाई सम्पर्क व्यक्तिको रुपमा तोक्नु पर्ने छ ।

१०. **अनुदान बितरण प्रकृयाः** अनुदान बितरण प्रकृया देहाय बमोजिमको हुनेछ -

(क)सम्झौता बमोजिम काम सम्पन्न भइसकेपछि सम्पर्क व्यक्तिले स्पेशिफिकेशन (मापदण्ड) को मूल्याङ्कन गरि सिफारिशको आधारमा भकारो सुधार तथा भर्मिबेड र छाना समेत तयार गरेका र गड्यौला खरिद गरी प्रयोग गरेका समूह तथा सहकारीका सदस्य कृषकहरुलाई सम्बन्धित कृषक समूह तथा सहकारी मार्फत जिल्ला कृषि बिकास कार्यालयले प्रति कृषक रु. २५,०००। (अक्षेरेपी पच्चिस हजार) अनुदान रकम उपलब्ध गराउने छ ।

(ख) यस अघि नै भकारो सुधार कार्यक्रम संचालन गरी अनुदान लिई सकेका कृषकहरुलाई भर्मिबेड तयार गर्न चाहेमा भकारो सुधार वाहेक भर्मिवेड तथा छाना निर्माण र गड्यौला खरिद वापत रु. १४,६०० (अक्षेरपी चौध हजार छ सय मात्र) अनुदान रकम उपलब्ध गराइने छ ।

(ग) अनुदान रकम प्राप्त गर्ने कृषक समूह/सहकारी संस्थाका सदस्यहरुले प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादन नगरेमा प्राप्त गरेको अनुदान रकम सम्बन्धित जिल्ला कृषि विकास कार्यालयलाई फिर्ता गर्नुपर्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम अनुगमन तथा मूल्यांकन व्यवस्था

११. **कार्यक्रमको अनुगमन ब्यबस्था :** कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका लागि केन्द्रिय स्तरबाट माटो ब्यवस्थापन निर्देशनालय तथा कृषि बिभागबाट, क्षेत्रिय स्तरबाट सम्बन्धित क्षेत्रिय माटो परिक्षण प्रयोगशाला तथा क्षेत्रिय कृषि निर्देशनालयबाट र स्थानिय स्तरमा जिल्ला कृषि विकास कार्यालय तथा कृषि सेबा केन्द्र बाट आवश्यकतानुसार अनुगमन गर्ने ब्यबस्था गरिने छ । निर्देशनालयले आवधिक रुपमा कार्यक्रमको प्रभावकारिता मूल्यांकन गर्नुपर्नेछ । अनुगमन तथा मूल्याकंनको प्रतिवेदन सम्वन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२. **निर्देशन दिन सक्ने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा आबश्यकता अनुसार कृषि बिकास मन्त्रालयले अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-४
## विविध

१३. **प्रचलित कानून लागु हुनेः** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

१४. **अन्तिम व्याख्याः** यस कार्यविधिको व्याख्यामा द्धिविधा भएमा कृषि विभागले गरेको व्याख्या अन्तिम हुनेछ ।

१५. **खारेजी र वचाउ :** यस कार्यविधिको आवश्यकता नभएमा खारेज गर्न तथा थप विषयवस्तु/विवरणको आवश्यकता महशुस भएमा संशोधन/परिमार्जन गर्ने अधिकार कृषि विकास मन्त्रालयमा रहने छ । आर्थिक विषयमा अर्थ मन्त्रालयको सहमति लिई परिमार्जन गर्न सकिनेछ ।

## अनुसूची-१

### (दफा ४ सँग सम्बन्धित)

### आ.ब. २०७१/०७२ मा कार्यक्रम सन्चालन गरिने जिल्ला तथा विनियोजित वजेटको अवस्था

**बजेट रु. हजारमा**

| सि.नं. | जिल्ला | सन्चालन गरिने सख्या | बजेट बाँडफाड | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कार्यक्रम सन्चालन खर्च | तालिम | अनुगमन तथा मूल्याङ्कन | |
| १ | पाल्पा | ५० | १२५० | ३० | ३० | |
| २ | नवलपरासी | ५० | १२५० | ३० | ३० | |
| ३ | रुपन्देही | ५० | १२५० | ३० | ३० | |
| ४ | ईलाम | ५० | १२५० | ३० | ३० | |
| ५ | धनुषा | ५० | १२५० | ३० | ३० | |
| ६ | सुर्खेत | ५० | १२५० | ३० | ३० | |
| ७ | दाङ | ५० | १२५० | ३० | ३० | |
| ८ | डडेल्धुरा | ५० | १२५० | ३० | ३० | |
| ९ | बाँके | ५० | १२५० | ३० | ३० | |
| १० | खोटाङ | ५० | १२५० | ३० | ३० | |
| ११ | चितवन | ५० | १२५० | ३० | ३० | |
| १२ | ओखलढुङ्गा | ५० | १२५० | ३० | ३० | |
| १३ | मकवानपुर | ५० | १२५० | ३० | ३० | |
| १४ | सिन्धुली | ५० | १२५० | ३० | ३० | |
| १५ | दोलखा | ५० | १२५० | ३० | ३० | |
| १६ | माटो व्यवस्थापन निर्देशनालय, कृषि बिभाग | | | | ७५० | |
| १७ | क्षे.मा.प.प्र. झुम्का | | | | ४० | |
| १८ | क्षे.मा.प.प्र., हेटौंडा | | | | ८० | |
| १९ | क्षे.मा.प.प्र., पोखरा | | | | ६० | |
| २० | क्षे.मा.प.प्र., खजुरा | | | | ६० | |
| २१ | क्षे.मा.प.प्र., सुन्दरपुर | | | | ४० | |
| २२ | मा.प.प्र.सुरुंगा | | | | २० | |
| जम्मा | | ७५० | १८७५० | ४५० | १५०० | |

## अनुसूची -२

### (दफा ७ सँग सम्बन्धित)

### कृषक समूह/सहकारीले प्राङ्गारिक (भर्मिकम्पोष्ट) मल उत्पादन गर्न प्रस्तावको ढाँचा

१. कृषक समूह/सहकारीको नाम:
२. ठेगाना:
३. दर्ता नम्बर र दर्ता मिति :
४. समूह/सहकारीको स्थायी संरचनाको विवरण :
५. समूह/सहकारीमा आबद्ध कृषक सख्या:
६. प्राङ्गारिक मल (भर्मिकम्पोष्ट) उत्पादन गर्न चाहने सदस्यहरुको सख्या:
७. स्थानीय श्रोत व्यक्तिको उपलब्धता (भए/नभएको) :
८. कार्यक्रममा सहभागी हुन चाहने सदस्यहरुको बिबरण:

| सि.नं. | कृषकको नाम | ठेगाना | जमीन सम्बन्धि बिबरण | | पशु चौपाया सख्या | कार्यक्रममा सहभागिता | | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | खेत | पाखो | | भकारो सुधार सहित भर्मिकम्पोष्ट | भर्मिकम्पोष्ट मात्र | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| १८ | | | | | | | | |
| १९ | | | | | | | | |
| २० | | | | | | | | |
| २१ | | | | | | | | |
| २२ | | | | | | | | |
| २३ | | | | | | | | |
| २४ | | | | | | | | |
| २५ | | | | | | | | |

समूह/सहकारीको अध्यक्षको नाम:
दस्तखत:
मिति: समूह/सहकारीको छाप :

९. प्रस्ताव पेश गर्दा आबश्यक कागजातहरु :

- समूह/सहकारीको बैठकको निर्णय सहितको प्रतिबद्धतापत्र
- समूह/सहकारी दर्ता प्रमाणपत्र
- गा.बि.स. वा गा.बि.स भित्र रहेको कृषि बन तथा बाताबरण समितिको सिफारिस
- नजिकको कृषि/पशु सेबाकेन्द्रको सिफारिस
- स्थानीयस्तरमा श्रोत व्यक्ति भएमा निजको सिफारिस